

निश्चित गर्नुभयो?

# न्यूनतम ज्याला

*कर्मचारीहरू पनि*
*रोजगारदाताहरू पनि*
*नबिर्सिकन जाँच गरौं*

न्यूनतम ज्याला भनेको काम गर्ने सबै व्यक्तिहरूको, ज्यालाको न्यूनतम रकम ग्यारेन्टी गर्ने प्रणाली हो।

## चिबा प्रिफेक्चर न्युनतम ज्याला

2026 साल
अक्टोबर
1 तारिखदेखि
प्रति घण्टा दर

# ¥ 1,195

अघिल्लो वर्षको तुलनामा UP
¥55

**मासिक ज्याला पाउनेले पनि, दैनिक ज्याला पाउनेले पनि, आफ्नो प्रति घण्टा दर हिसाब गरेर हेरौं**

ネパール語版

स्वास्थ्य, श्रम र कल्याण मन्त्रालय

हिसाब गर्ने तरिका पछाडि पट्टि हेर्नुहोस् !

# आफ्नो प्रति घण्टा दर हिसाब गरेर त्यसलाई न्यूनतम ज्यालासँग तुलना गर्नुहोस्!



"न्युनतम ज्याला प्रणाली" उमेर, पार्टटाइम र विद्यार्थीको रूपमा काम (आरुबाइतो) जस्ता कार्यशैलीमा जस्तोसुकै भिन्नता भए तापनि यो सबै कर्मचारीहरूमा लागु हुन्छ। जाँच गर्न चाहनुभएको ज्याला(※1) र काम गर्ने टाउँको प्रिफेक्चरको न्यूनतम ज्याला रकम (प्रति घण्टा दर) तुलना गर्ने तालिकामा भरेर तुलना गरौं। (※2)

## न्यूनतम ज्याला रकमसँग तुलना प्रणाली

तपाईंको तलब, र तपाईंको प्रिफेक्चरको न्युनतम ज्याला भर्नुहोस्।(*2)

**A प्रति घण्टा ज्यालाको व्यक्ति**

| प्रति घण्टा ज्यालाको लागि | | न्यूनतम ज्याला (प्रति घण्टा दर) |
|---|---|---|
| ¥ | ≧ | ¥ |

**B दैनिक ज्यालाको व्यक्ति**

| दैनिक ज्याला | | प्रति दिन तालिकाबद्ध कार्य घण्टाको औसत संख्या | | प्रति घण्टा दर | | न्यूनतम ज्याला (प्रति घण्टा दर) |
|---|---|---|---|---|---|---|
| ¥ | ÷ | घण्टा | = | ¥ | ≧ | ¥ |

**C मासिक ज्यालाको व्यक्ति**

| मासिक ज्याला | | प्रति दिन तालिकाबद्ध कार्य घण्टाको औसत संख्या | | प्रति घण्टा दर | | न्यूनतम ज्याला (प्रति घण्टा दर) |
|---|---|---|---|---|---|---|
| ¥ | ÷ | घण्टा | = | ¥ | ≧ | ¥ |

**D यदि तपाईंको ज्याला A,B,Cको संयोजन हुने व्यक्ति हुनुहुन्छ भने**

उदाहरणको लागि, तपाईको आधार भुक्तान दैनिक ज्याला र अन्य प्रकारको तलबहरू (जस्तै कर्तव्य भत्ता आदि) मासिक भुक्तानी गरिन्छ

① आधार भुक्तान (दैनिक ज्याला) विधि B प्रयोग गरी तपाईंको प्रति घण्टा दर गण्ना गर्नुहोस्।
② भुक्तानका अन्य प्रकारहरू (मासिक ज्याला) विधि C प्रयोग गरी तपाईंको प्रति घण्टा दर गण्ना गर्नुहोस्।
③ कुल रकम ①+② ≥ न्यूनतम ज्याला (प्रति घण्टा दर)

(*1)तल दिइएका भूक्तानका अन्य प्रकारहरू न्यूनतम ज्यालासँग तुलना गर्नुहोस्।
①अस्थायी आधारमा दिइने ज्याला (विवाह भत्ता आदि) ②महिना भन्दा बढिको अन्तरालमा भुक्तानी हुने ज्याला (बोनसहरू,आदि) ③अनुसूचित काम गर्ने घण्टा भन्दा बढी काम गरेको ज्याला(ओभरटाइम कामका लागि ज्याला, आदि) ④अनुसूचित काम गर्ने दिन भन्दा बढी काम गरेको ज्याला(वैधानिक दिनको बिदामा कामका लागि ज्याला,आदि) ⑤बेलुका 10 बजेदेखि बिहान 5 बजे सम्म काम गरेको ज्याला जुन सामान्य काम गर्ने घण्टाको दर भन्दा बढि हुन्छ। (राती कामका लागि बढि ज्याला,आदि) ⑥उत्तम उपस्थिति भत्ता, सञ्चार भत्ता र परिवार भत्ता
(*2)गणना विधिको बारेमा विवरणहरू सोध्न वा प्रतिशत वेतन गणनाको बारेमा पत्ता लगाउन छ भने लेबर ब्युरो वा तपाईको नजिकको श्रम मानक निरीक्षण कार्यलयमा सोध्नुहोस्।

**業務改善助成金**
अधिकतम 60 लाख येन अनुदान

# सानो र मध्यम-स्तर उध्यमहरू!

## न्युनतम ज्याला बढाउन प्रदान गरिने "व्यापार प्रदर्शन सुधार गर्न अनुदान सहयोग" प्रयोग गरौं।

### "व्यापर प्रदर्शन सुधार गर्न अनुदान सहयोग" भनेको

"व्यापार प्रदर्शन सुधार गर्न अनुदान सहयोग" भनेको उत्पादकत्व वृद्धिमा योगदान पुर्याउने पूँजीगत लगानी गरी, "कार्यालयको सबैभन्दा कम ज्याला (कार्यस्थलको न्यूनतम ज्याला)" बढाउने लक्ष्य भएका सानो मध्यम स्तरको कम्पनी तथा साना व्यवसायका व्यवसायीहरूलाई सहयोग गर्ने अनुदान सहयोग हो। उपकरणमा लगानी आदि गरेको खण्डमा, भुक्तानीका सर्तहरू अनुसार उक्त खर्चको केही अंश दिइन्छ।

व्यापर प्रदर्शन सुधार गर्न अनुदान सहयोग कल सेन्टर
0120-366-440

विस्तृत जानकारीका लागि यहाँ (जापानी भाषामा मात्र)
業務改善助成金 検 索

**भुक्तानीका मुख्य शर्तहरू**

- ☑ कार्यस्थलको न्यूनतम ज्याला आर्थिक वर्ष 2026 को क्षेत्रीय न्यूनतम ज्यालाभन्दा कम छ
- ☑ कार्यस्थलको न्युनतमा ज्याला बढाउने
- ☑ बढाएपछि ज्यालाको भुक्तानी
- ☑ उत्पादकत्व वृद्धिमा योगदान गर्ने मेसिन र उपकरण आदिभित्र्याउने
- ☑ जागिरबाट बरखास्त गर्ने, ज्याला घटाउने आदि भुक्तानी नदिने कुनै आधार नभएको

उपकरणमा लगानी आदिमा आवश्यक खर्चको केही अंशको अनुदान

**अनुदान सहयोग भुक्तानीसम्मका प्रक्रिया**

1. कार्यस्थल भएको जिल्ला लेबर ब्युरोमा जारी आवेदन पत्र, परियोजना कार्यान्वयन योजना आदि पेस गर्ने
   जाँच
2. जारीको निर्णय पछि, पेस गरेको योजना अनुसार परियोजना कार्यान्वयन
3. लेबर ब्यूरोमा परियोजना, कार्यान्वयन नतिजा रिपोर्ट तथा भुक्तानी आवेदन पत्र पेस गर्ने
   जाँच
4. भुक्तानी

**यसलाई अनलाइन जाँच गर्नुहोस्!**

न्युनतम ज्यालाको बारेमा बनाइएको विशेष साइट (जापानी भाषामा मात्र)
最低賃金　特設サイト 検 索

न्युनतम ज्यालाका बारे सोधपुछका लागि, कृपया चिबा लेबर ब्युरो वा तपाईंको नजिकको श्रम मापदण्ड निरीक्षण कार्यालयमा सम्पर्क गर्नुहोस्।
千葉労働局 検 索

ज्याला बढाउनका लागि बनाइएको विशेष पृष्ठ (जापानी भाषामा मात्र)
त्यहाँ ज्याला बढाउनका लागि सहयोगी प्रबन्ध जस्ता जानकारीहरू उपलब्ध छ।
賃金引上げ特設ページ 検 索

### विज्ञद्वारा निःशुल्क परामर्श कार्यान्वयन

यदि तपाईंसँग ज्याला बढाउन सम्बन्धित कुनै चिन्ता छ भने, कृपया कार्यविधि सुधार प्रवर्धन सहयोग केन्द्रको परामर्श लिनुहोस्।
विस्तृत जानकारीको लागि यहाँ (जापानी भाषामा मात्र) 働き方改革推進支援センター 検索

### कार्यविधि सुधार प्रवर्धन सहयोग कोष

जापान अर्थ निगमले कार्यस्थलको न्युनतम ज्याला बढाउने व्यवसायी वा कम्पनीलाई पूँजी लगानी र चालू पूँजी ऋण प्रदान गर्दछ।
विस्तृत जानकारीको लागि यहाँ (जापानी भाषामा मात्र) 働き方改革推進支援資金 検索

リサイクル適性Ⓐ
この印刷物は、印刷用の紙へリサイクルできます。

(R8.9)